मस्यौदा प्रति

योजना र विकास सम्बन्धी समीक्षा तथा कार्यशाला गोष्ठीबाट प्राप्त सुझावका आधारमा तयार गरिएको

# जिल्लाको समग्र विकास अवधारणा सम्बन्धी प्रतिवेदन


तयार गर्ने

जिल्ला समन्वय समितिको कार्यालय

काभ्रेपलाञ्चोक



फाल्गुण, २०७४

# "समृद्ध काभ्रेपलाञ्चोक"

## काभ्रेपलाञ्चोक जिल्लाको समग्र विकास अवधारणा

### पृष्ठभूमी:

नेपालको संविधान, २०७२ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ ले जिल्लाको विकास निर्माणका बिषय पहिचान र व्यवस्थापन गर्ने र सो का लागि जिल्लास्थित सरोकारवालाहरुसँग आबश्यक समन्वय र सहजीकरण गर्ने जिम्मेवारी जिल्ला समन्वय समितिलाई प्रदान गरेको छ । सोही सन्दर्भमा जिल्लाका समस्या, अवसर, सम्भावना र चुनौतिहरुको समीक्षा गर्ने र सो का आधारमा बिषयगत प्राथमिकताहरु सहितको जिल्लाको समग्र विकास अवधारणा तय गरी नगरपालिका तथा गाउँपालिकाका योजना तर्जुमाका लागि मार्गदर्शन प्रदान गर्न सहयोग पुर्‍याउने उद्देश्यले जिल्लाका माननीय सांसदज्यूहरु, सबै स्थानीय सरकारहरु, बिषयगत कार्यालय, दातृ निकायहरु, गैरसरकारी एवम् निजी क्षेत्र समेतको सहभागितामा दुई दिने कार्यशाला गोष्ठी गरी जिल्ला समन्वय समिति, काभ्रेपलाञ्चोकले यो मस्यौदा खाका तयार गरेको छ।

### दीर्घकालिन सोच:

समृद्ध काभ्रेपलाञ्चोक

### लक्ष:

जिल्लावासीहरुको आर्थिक,सामाजिक र साँस्कृतिक अवस्थामा आधारभूत परिवर्तन भई जीवनस्तरमा सुधार आउनेछ।

### समृद्ध काभ्रेपलाञ्क निर्माणको तागत

१. राजधानीसँग जोडिएको भौगोलिक अवस्था
२. तराई सरह, पहाडी र उच्च पहाडी क्षेत्रसहितको भौगलिक, जैविक तथा पर्यावरणीय विवधता
३. छिमेकी देश चिन र भारतीय नाका सँगको सहज पहुँच
४. संभावित प्रदेश राजधानी
५. वन पैदावर
६. काठमाडौं विश्वविद्यालय, धुलिखेल अस्पताल, शिर मेमोरियल अस्पताल, स्पाईनल ईन्जुरी पूनर्स्थापना केन्द्र, विकलाङ्ग बालबालिका अस्पताल आई.टी. पार्क
७. खनीज तथा खानी उद्योग
८. कृषि तथा पशुपालनमा बढ्दै गएको जिल्लाको आत्मनिर्भरता तथा पर्यटन

## समृद्ध काभ्रेपलाञ्चोक निर्माणको संभावित आधार स्तम्भ

### १. पशुपंछी, कृषि, जडीबुटी

कृषिमा लगाानी गरी त्यसबाट जिल्लाका अत्यधिक जनसंख्याले लाभ लिन सक्ने ।

### २. पर्यटन(धार्मिक, सांस्कृतिक, पर्यावरणीय, योग, शैक्षिक, कृषि)

पर्यटनको प्रचुर सम्भावना रहेका विविध प्राकृतिक तथा सांस्कृतिक स्थलहरुको पहिचान गरी सोको प्रर्वद्धन सम्बन्धित पालिकाका प्रतिनिधि तथा अन्य निकायसंगको साझेदारीमा गर्न सकिने । साथै पर्यापर्यटन विकासका लागि वन पर्यटन, कृषि पर्यटन, योग, शैक्षिक होम स्टे आदिका माध्यमबाट गर्न सकिने ।

### ३. जलविद्युत विकास

सुनकोशी, ईन्द्रावती, कोखाजोर नदीमा जलाशययुक्त आयोजना संचालन गरी विद्युत तथा सिंचाईका लागि उक्त आयोजनाको प्रयोग गरी जलविद्युत तथा कृषिमा समेत टेवा पुग्ने सम्भावना । सो का लागि स्थानीय तहबाट पहल भई प्रदेश तथा संघीय सरकारले काम सुरु गर्नुपर्ने ।

### ४. शैक्षिक औद्योगिकरण

जिल्लामा अवस्थित Kathmandu University, Banepa Polytechnic Institute आदिका साथै बुद्ध दर्शन सम्बन्धी विश्वविद्यालयको स्थापना गरी सोको प्रबर्द्धन गरी जिल्लालाई शैक्षिक जनशक्ति उत्पादनको केन्द्रका रुपमा विकास गर्ने ।

## योजना तथा विकासका प्राथमिकता:

१. संविधानको परिकल्पना अनुसार संघीयता कार्यान्वयन
२. प्रत्येक न.पा. गा.पा.मा बैक तथा वित्तिय संस्थाको सेवा संचालन
३. डाँडापारी/कोशीपारी क्षेत्रलाई विशेष क्षेत्र घोषणा गरी विशेष विकास कार्याक्रम संचालन
४. जिल्लाको समग्र भू-उपयोग नीति निर्माण र कार्यान्वयन
५. भूकम्पबाट क्षतिग्रस्त संरचनाको पुननिर्माण
६. आन्तरिक रोजगारीका अवसरको वृद्धि
७. उत्पादन र उत्पादकत्व वृद्धि
८. उत्पादनको बजारीकरणमा हुने बिचौलियाको प्रभाव निरुत्साहित

९. कृषि, पशुपालन र स्थानीय उद्योगको आधुनिकीकरण, व्यवसायीकरण र यान्त्रीकरण

१०. रणनैतिक महत्वका पुर्वाधारको विकासमा साझा धारणा कार्यान्वयनमा तिव्रता

११. पहिचान गरिएका संभाव्य जलविद्युत आयोजना विकास कार्यान्वयन तिब्रता (सुनकोशी, इन्द्रावती, रोशि, कोखाजोर, चौँरी खोला)

१२. रणनैतिक सडक विस्तार र स्थानीय सडक स्तरोन्नती

१३. धार्मिक, साँस्कृतिक, पर्यावरणीय, योग तथा अन्य संभाव्य पर्यटनको पूर्वाधार विकास र प्रवर्धन

१४. शैक्षिक औद्योगिकरण

१५. शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई र वातावरण संरक्षणमा साझेदारी अभिवृद्धि गरि लगानी बढाउने

१६. सार्वजनिक प्रशासन सेवा प्रवाहमा सुधार गरी सशासन कायम गर्ने

१७. सबैका लागि स्वच्छ/दिगो उर्जाको पहुँच र उपलब्धता

१८. कार्यसंपादन सम्झौतालाई व्यवस्थापकीय औजारको रुपमा अनिवार्य अवलम्बन गरी पुरस्कार र दण्डसँग आवद्ध गर्ने

१९. योजना,नीति, कानून तर्जुमा कार्यान्वयन अनुगमन र मूल्यांकन तथा लाभको वितरणमा नागरिक समाज, आम संचार र नागरीक सहभागिताको सुनिश्चितता गर्ने

२०. प्रत्येक पालिकामा आधारभुत तथ्यांक संकलन गरी तत्पश्चात मात्र आवश्यकता तथा अध्ययनका आधारमा विस्तृत किसिमका योजनाको तयारी

२१. सर्वप्रथम भुउपयोग नीति, Resources mapping को उपयोगबाट विकास निर्माणको योजनाहरुको सुरुवात

## विषयगत विकास प्राथमिकता तथा योजना:

**पूर्वाधार तथा संरचना विकास** (सडक तथा यातायात, विद्युत, संचार, बैकल्पिक उर्जा, बस्ती विकास, भवन तथा आवास

१. प्रत्येक न.पा./गा.पा केन्द्र-जिल्ला सदरमुकाम सडक पिच
२. प्रभावकारी, व्यवस्थित र स्वच्छ प्रतिस्पर्धात्मक यातायात सेवा प्रवाह
३. प्रत्येक वडा केन्द्र-पालिका केन्द्र सडक बाह्रै महिना सञ्चालन हुने गरी स्तरोन्नती
४. काभ्रे उपत्यका चक्रपथ
५. प्रत्येक न.पा./गा.पा. स्तरीय चक्रपथ
६. अरनिको राजमार्ग दोलालघाट ६ लेन
७. वि.पी राजमार्ग चौडाई विस्तारजिल्ला,न.पा./ गा.पा. स्तरीय सडक विस्तार मापदण्ड तयार तथा लागू
८. काभ्रेका सबै नागरिकको लागि स्वच्छ दीगो ऊर्जा, विद्युत सेवा
९. सबै स्थानीय तह र वडाहरुमा प्रभावकारी टेलिफोन, ईन्टरनेट सेवा
१०. सार्वजनिक सेवा प्रवाहमा विद्युतिय सुशासनको सुनिश्चितता
११. वृहद लिफ्टीङ सिंचाई आयोजना(सुनकोशी, इन्द्रावती, रोशी, बागमति....)
१२. व्यवस्थित वस्ती तथा सहर विकासको अवधारणा विकास
१३. भूकम्प प्रतिरोधी भवन आचारसंहिताको प्रभावकारी कार्यान्वयन सहितको भवन तथा आवास पुर्वाधार विकास
१४. भुबनोटमा आधारित विकासका पूर्वाधार निर्माणमा जोड
१५. Engineering Survey मा आधारित भौतिक पूर्वाधार विकासमा जोड
१६. विकासका लागि भुबनोट अनुसारको बायोइन्जिनियरिंगको उपयोग
१७. जलाशययुक्त जलविद्युतको विभिन्न नदीहरुमा सम्भाव्यता अध्ययन
१८. इजाजत प्राप्त भईसकेका तथा ईजाजत प्राप्तिको तयारीमा रहेका विभिन्न जलविद्युत आयोजनाको शीघ्र काम थालनी
१९. भौगोलिक बनावट अनुसारका वैकल्पिक उर्जामा जोड
२०. दिगो तथा बलियो पूर्वाधार विकासमा जोड
२१. सडक सुरक्षामा सुधार तथा दिगो यातायात व्यवस्थामा सहज पहुँच जिल्लावासीलाई उपलब्ध गराउने

**सामाजिक विकास** (शिक्षा, स्वास्थ्य, श्रम, महिला तथा बालवालिका विकास,जेष्ठ नागरिक सामाजिक कल्याण तथा सामाजिक समावेशीकरण, खानेपानी तथा सरसफाई, खेलकुद, संस्कृति तथा मनोरञ्जन

१. काठमाडौं विश्वविद्यालय, आई टी पार्क, पोलिटेक्नीक कलेजको आधारशिलामा शैक्षिक केन्द्र विकास

२. धुलिखेल अस्पताल, स्पाईनल इन्जुरी, शिर मेमोरियल अस्पताल,विकालाङ्ग बाल अस्पतालको आधारशिलामा स्वास्थ्य विकास केन्द्रको विकास

३. वौद्ध विश्वविद्यालय विकास

४. सबै स्थानीय तहहरुका स्थानीय शासनमा वालमैत्री, अपाङ्ग मैत्री, लैङ्गिक मैत्री शासन मूलप्रवाहीकरण

५. संभावित क्षेत्रमा तामाङ,माझि,पहरी, हायू, नेवार लगाएतका साँस्कृतिक सँग्रालय तथा पर्यटन विकास

६. एक वडा अनेक बहुउद्धेश्यीय पोखरी विकास

७. खुला दिशामुक्त अभियान

८. अनुसन्धान केन्द्र सहितको कृषि क्याम्पस स्थापना र संचालन

९. महिला समूह, महिला सहकारी क्षमता विकास

१०.एक पालिका एक पालिका स्तरीय प्रभावकारी बाल क्लब विकास

११.एक पालिका एक पालिका स्तरीय व्यवस्थित खेल मैदान

१२.एक पालिका एक मनोरञ्जन पार्क, बाल उद्यान विकास

१३.व्यवस्थित र सहज योगदानमा आधारित सामाजिक सुरक्षा सेवा प्रवाहको सुनिश्चितता

१४.एक पालिका एक सुविधा सम्पन्न अस्पताल

१५.पालिकास्तरीय अनौपचारिक क्षेत्र श्रमिक पंजिकरण

१६.जेष्ठ नागरिकमा रहेको ज्ञान, सिप तथा अनुभवलाई पूँजीको रुपमा नयाँ पुस्तालाई हस्तान्तरण

१७.बालमैत्री स्थानीय शासन (Child Friendly Local Governance)

१८.शैक्षिक बेरोजगारी लक्षित सिपमूलक तालिम

१९.एक पालिका एक प्राविधिक शिक्षालय

२०. शिक्षामा लैंगिक असमानता उन्मुलन गर्ने तथा अपांगता भएका व्यक्ति तथा पहुँच नभएका जनजाति तथा पिछडिएका व्यक्तिको शिक्षा तथा सिपमूलक तालिममा सहभागिता सुनिश्चित गर्ने

२१.सबै तहमा लैंगिक समानता कायम गरि किशोरीहरुको सशक्तिकरण प्रबर्द्धनका लागि कानुन तथा नीति निर्माण गर्ने

२२.दिगो विकासका लक्ष्य अनुरुप सन् २०३० सम्ममा १०० प्रतिशत जनतालाई सुरक्षित खानेपानी तथा सुरक्षित सरसफाई को पहुँच कायम गर्ने ।

२३.यसै वर्ष भित्र (२०७५) भित्र जिल्ला तथा प्रत्यक पालिकालाई खुल्ला दिशामुक्त क्षेत्र घोषणा गर्ने अनुरुपका कार्ययोजना निर्माण

**आर्थिक विकास** (कृषि, पशुपन्क्षी, उद्योग तथा खानी, ब्यापार, पर्यटन तथा सेवा

१. पाँचखाल विशेष आर्थिक क्षेत्र विकास
२. दुध, मासु, फुल,ह्याचरी, पशु आहार (दाना,घाँस...) आत्मनिर्भर तथा निर्यात दरमा तिव्र वृद्धि
३. दुधको गुणस्तर जाँच ल्याब विकास
४. दुग्ध तथा मासु उत्पादन तथा प्रशोधन उद्योग विकास विस्तार
५. वैकल्पिक मासुका श्रोत(खरायो, टर्की, अष्ट्रीच, बट्टाई, लौकाट, हास,माछा...)का पहिचान र विकास
६. उत्पादनमा आधारित अनुदान प्रणाली
७. साना/ठुला किसान अनुदान ,ऋण सुविधा
८. व्यवस्थित पशु वधशाला,मिट मार्ट विकास
९. व्यवस्थित तथा अत्याधुनिक कृषि कोल्ड स्टोर विकास
१०.रेन्वो ट्राउट, अलैंचँी, कफि.... पकेट क्षेत्र विकास
११.पाँचखाल ,भकुण्डेवेशी औद्योगिक करिडोर
१२.स्थानीय उत्पादनमा आधारित उद्योग (लप्सी, जुस, कागज, आलु चिप्स,फर्निचर, चिज, खुवा, छुर्पि,खाद्य, खानेपानी...)विकास विस्तार
१३.व्यवस्थित ढुङ्गा, गिट्टी, बालुवा खानी उद्योग विकास
१४.बनेपालाई ३ नं प्रदेशको व्यापारिक केन्द्र को रुपमा विकास
१५.साहसिक पर्यटन(पदयात्रा, बन्जीजम्प, राफ्टिङ, प्याराग्लाइडिङ...)
१६.सभा, सम्मेलन, योग साधना, लेखन अनुसंधान तथा जैविक पर्यटनको केन्द्रको रुपमा विकास
१७.व्यवस्थित होटल, होम स्टे पर्यटन विकास

१८.एक पालिका एक व्यवसाय सहजीकरण तथा सहयोग कक्षको स्थापना
१९.एक पालिका एक औद्योगिक क्षेत्रको विकास
२०.सबै पालिकामा एकद्वार प्रणालीबाट कर संकलन
२१.कर करैले उठाउनुपर्ने बाध्यताको अन्त्य का लागि कर तथा राजस्वका विषयमा व्यापारी, उद्योगी तथा र्सवसाधारणलाई अभिमुखिकरण कार्यक्रम तथा तालिम
२२.जिल्लामा एक व्यवसायिक गोदाम घर निर्माण

**वातावरणीय विकास** (वन, जैविक बिबिधता, भू तथा जलाधार संरक्षण, बिपद ब्यवस्थापन

१. सतुवा,साल,लोठसल्ला, सल्ला वन व्यवस्थापनबाट काष्ठ वन पैदावार उत्पादन
२. ठूला खालका काष्ठ जन्य उद्योगको विकास
३. खयर,सुगन्धवाल साल,अमृसो,वोधिचित्र,कुरिलो जडिबुटी जन्य वन पैदावर
४. महाभारत पर्वत श्रृङखला संरक्षित जैविक क्षेत्र विकास
५. रोसी जलाधार क्षेत्र संरक्षण र विकास
६. प्राकृतिक श्रोत तथा संपदाको दीगो उपयोग तथा संरक्षण
७. सबै स्थानीय तहमा वातवरणमैत्री स्थानीय शासन कार्यान्वयन
८. एक पालिका एक सुविधा सम्पन्न व्यवस्थित विपद व्यवस्थापन/उद्धार केन्द्र विकास
९. Regional Development को अवधारणा अनुसार एक पालिकाको विपत्तिमा अर्को पालिकाबाट सहयोगका लागि कार्ययोजना
१०. ग्रामीण सडक निमार्ण तथा पूर्वाधार निर्माण पूर्व वातावरणीय प्रभावको मूल्यांकनका आधारमा मात्र विकासका काम अघि बढाउने ।
११. वैज्ञानिक खेतीपाती, तथा खानी तथा प्राकृतिक स्रोतको दोहन गर्दा भूक्षय तथा अन्य वातावरणीय प्रभावलाई कम गर्ने ।
१२. प्रत्येक पालिकाले एक Resource map तयार गरी सोका आधारमा आगामी ५० वर्षका लागि भुउपयोग निति बनाई बन क्षेत्र, खानी क्षेत्र , बसोबास क्षेत्र, औद्योगिक क्षेत्र आदि छुट्याई सोको विकास गर्ने
१३. प्राकृतिक प्रकोप तथा जलवायु पर्रिवर्तन बाट हुने जोखिमलाई सामना गर्ने तथा अनुकुलन क्षमता अभिबृद्धि गर्ने
१४. प्राकृतिक स्रोतहरुको दिगो व्यवस्थापन तथा चुस्त प्रयोग

**मानव संशाधन, संस्थागत तथा क्षमता विकास, स्थानीय सुशासन,**

१. प्राविधिक शैक्षिक हबको विकास

२. स्थानीय सुशासन कायम गर्नको लागि प्रशासनिक तथा राजनैतिक संस्थाको क्षमता विकास

३. स्थानीय शासन तथा सार्वजनिक सेवा प्रवाहमा सबै नागरिकको सहज पहुँच, पारदर्शिता, जवाभदेहिता तथा सार्वजनिक सूचनाको हकको सुनिश्चितता र आवश्यक प्रविधि विकास

४. काठमाडौ वि.वि, धुलिखेल अस्पताल लगाएतका अन्य संभाव्य साझेदार संस्थाको नेतृत्व तथा सहकार्यामा स्थानीय तहमा जनशक्ति, सिप, प्रविधि र क्षमता विकासमा जोड

५. प्रत्येक पालिका स्तरमा सो पालिका भित्र रहेका जनशक्तिहरुको विस्तृत विवरण (शिक्षा, योग्यता,पेशा, व्यवसाय...को आधारमा ) तयार गर्ने सो तथ्यांक पालिका स्तरीय योजना तर्जुमा प्रक्रियामा समावेश

**समृद्ध काभ्रेपलाञ्चोक निर्माणको समस्या र चुनौती**

१. संविधानको परिकल्पना अनुसार संविधान कार्यान्वयन

२. स्थानीय सरकारको कार्यक्षमता प्रभावकारीता वृद्धि

३. कृषि, पशु, उद्योगको उत्पादन र उत्पादकत्व वृद्धि

४. भूकम्पपश्चातको पुननिर्माण

५. सार्वजनिक निर्माणको गुणस्तर

६. सुशासन र शासकीय क्षमता अभिवृद्धि

७. उत्पादनको बजारीकरणमा बिचौलियाको दवाव र प्रभाव

८. जलविद्युत विकासका लागि आवश्यक अध्ययन तथा समन्वय अभाव

९. प्रशासनिक संक्रमणको अवस्था

१०. स्थानीय स्रोत साधनको पहिचान तथा स्रोत साधनको उपयोगका लागि आवश्यक नियम कानुनको अभाव ।

११. प्रतिबद्धतालाई योजनामा ढाल्ने ईच्छाशक्तिको अभाव ।

**अबको बाटो:**

- ❖ स्थानीय तह आफैंले गर्न सक्ने कामहरु आफैं गरी , आवश्यकता अनुसार प्रदेश तथा संघको सहयोगको अपेक्षा गर्ने । स्थानीय तह, स्थानीय तहका अन्य सरोकारवालाहरु , प्रदेश सरकार तथा संघीय सरकार बीच उचित समन्वय कायम गरी विकासका क्रियाकलाप अगाडि बढाउने ।
- ❖ हामी गर्न सक्छौं तथा हामीले नै गर्नुपर्छ भन्ने भावनाका साथमा जनप्रतिनिधि तथा कर्मचारी बीच आपसी सुझबुझका साथ काम गर्ने ।
- ❖ Sustainable development goals सहशाब्दी विकास लक्ष्य अनुरुपका हाम्रा योजना तथा विकासहरु भएमा विकासका हाम्रा कामहरु निरपेक्ष नभई विश्व संग सापेक्ष बनाउनु पर्ने आवश्यकता।
- ❖ फोहोरमैला व्यवस्थापन, खानेपानी, जलविधुत, जलाधारक्षेत्रको संरक्षण, जलवायु परिवर्तन (Climate Change) आदि विषयमा एक भन्दा बढि पालिका मिलि काम गर्नुपर्ने आवश्यकता ।
- ❖ सबै पालिकाहरुले सर्वप्रथम भुउपयोग नीति बनाई सोही अनुसार विकासको लागि आवश्यक पहल गर्ने । सोबाट सबै पालिकाहरुलाई आआफ्ना कमजोरी तथा सबल पक्षका बारेमा जानकारी हुने ।
- ❖ अबको विकास योजना, बजेट तथा प्रबिधिको समिश्रणबाट प्राप्त हुने भएको हुँदा अबका दिनमा यस्ता हाम्रो माटो सुहाउँदो Innovative technologies को विकास गर्न आवश्यक रहेको ।
- ❖ राज्यको उपरी संयन्त्र संरचनामा मात्र परिवर्तन गर्ने हाम्रो मनस्थितिलाई पनि परिवर्तन गर्नुपर्ने आवश्यकता रहेको र सो परिवर्तनका लागि अहिलेको समयनै उपयुक्त समय रहेकोले यस समयलाई अवसरका रुपमा प्रयोग गर्नुपर्ने ।
- ❖ A Good Plan itself is half a work done, त्यसैले अब हाम्रा योजना साना साना टुक्रिएका भन्दा विस्तृत किसिमका र फलदायी किसिमका कार्यक्रमका योजना बनाई लागु गर्नु पर्ने ।
- ❖ प्रत्येक पालिकाले आफ्नो भुबनोट र आवश्यकता अनुसार बढीमा विकासका ५ वटा एजेन्डालाई अगाडि बढाई सोही अनुसार योजना बनाई लागु गर्ने ।
- ❖ सबै पालिकाले तथ्यांकहरुको संकलन, विश्लेषण, तथा उपयोगितामा ध्यान दिई योजना तथा विकासका कार्यक्रम मा सो तथ्यांक को उपयोग गर्ने ।